# श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
# Shree Investment and Finance Co. ltd.
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)

Dilli Bazar, P.O. Box: 10717, Kathmandu, Nepal, Tel: 4522038, 4526146, 4515344, 4517558, Fax:977-1-4521779, Email: info@shreefinance.com.np


च.नं.:- २०८१/८२- ४०६ मितिः-२०८१/०८/२५

श्री नेपाल धितोपत्र बोर्ड
ललितपुर म.न.पा -१५, खुमलटार

**विषयः- संस्थागत सु-शासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस बोर्डको निर्देशन बमोजिमको यस वित्तीय संस्थाको आ.व. २०८०/८१ को संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन (सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४ - बमोजिम ) यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

.............................
(दुर्गा लम्साल)
प्रमुख-अनुपालना विभाग

PKF T. R. Upadhya & Co.
124 Lal Colony Marg, Lal Durbar
Kathmandu, Nepal

977 01 4510927, 4520026
trunco@ntc.net.np
www.pkf.trunco.com.np

# Certificate from the Auditors
## On the Report of
## Shree Investment and Finance Company Limited
## Pursuant to Corporate Governance Directive Issued for Listed Institutions, 2074

To the Securities Board of Nepal,

We have examined the information set out in the attached report relating to the year ended 31 Ashad 2081 (15 July 2024) prepared by the management of Shree Investment and Finance Company Limited and approved by the meeting of its 350th meeting of Board of Directors held on 3 December 2024.

The management and Board of Directors of the Shree Investment and Finance Company Limited are responsible for preparation of the report in accordance with the requirement of Corporate Governance Guidelines for Listed Companies, 2074. Our examination was limited to verification of the information provided in the report from the accounts and records maintained by the Company. It is neither an audit nor an expression of opinion on the financial statements of the Company.

To the best of our information and according to the explanations given to us, we certify that the aforesaid report fairly presents the information set out therein.

Shashi Satyal
*Partner*

PKF T R Upadhya & Co.
Chartered Accountants

Kathmandu, Nepal
18 November 2024

UDIN: 241204CA00008sQPMq

नेपाल धितोपत्र बोर्डको
सस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(सूचिकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४-बमोजिम)

| | |
|---|---|
| सूचीकृत सङ्गठित संस्थाको नाम | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. |
| ठेगाना इमेल र वेभसाइट सहित | का.म.न.पा. वडा नं. ३०, डिल्लीबजार<br>*info@shreefinance.com.np*<br>*www.shreefinance.com.np* |
| फोन नम्बर | ०१-४५२६१४६ |
| प्रतिवेदन पेश गरिएको आ.व. | २०८०/०८१ |

१. सञ्चालक समिति सम्बन्धी विवरण

क. सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ती मितिः

अध्यक्षको नाम: श्री शशिराज पाण्डे नियुक्ती मिति २०७९/०८/२३

ख. संस्थाको शेयर संरचनासम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य)

| | |
|---|---|
| संस्थापक: | ४९.९४ |
| अन्य संस्थाहरु | १.०६ |
| जम्मा | ५१.०० |
| सर्व-साधारण | ४९.०० |
| कुल जम्मा | १००.०० |

ग. सञ्चालक समिति सम्बन्धी विवरण:

| क्र.स. | संचालकहरुको नाम तथा ठेगना | प्रतिनिधित्व भएको समुह | शेयर संख्या | नियुक्ती भएको मिति | पद तथा गोपनियताको सपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरीका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री शशिराज पाण्डे<br>का.म.न.पा.-३०<br>डिल्लीबजार | संस्थापक | ९,८४,५६६ | २०७९/०८/२३ | २०७९/०८/२५ | निर्वाचन (विशेष सा.सभा) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | श्री दिनेश राज जोशी का.म.न.पा.-४ चुनदेवी | संस्थापक | ७,९१,५१३ | २०७९/०८/२३ | २०७९/०८/२५ | निर्वाचन (विशेष सा.सभा) |
| ३ | श्री आदर्शराज पाण्डे का.म.न.पा-३०, डिल्लीबजार | संस्थापक | ५३,३६० | २०८१/०१/०४ | २०८१/०१/२० | सञ्चालक समितिको बैठक नम्वर ३४१ को निर्णय |
| ४ | श्री रामकृष्ण शर्मा वाग्ले सिद्धार्थनगर न.पा. - ८ | सर्व-साधारण | ९,६९० | २०७९/०८/२३ | २०७९/०८/२५ | निर्वाचन (विशेष सा.सभा) |
| ५ | श्री महेश प्रसाद अधिकारी का.म.न.पा. वडा नं. १० | सर्व-साधारण | ७७६ | २०७९/०८/२३ | २०७९/०८/२५ | निर्वाचन (विशेष सा.सभा) |
| ६ | श्री उमेश भगत प्रधानाङ्ग का.म.न.पा. वडा नं.१४ | सर्व-साधारण | ६०१ | २०७९/०८/२३ | २०७९/०८/२५ | निर्वाचन (विशेष सा.सभा) |
| ७ | श्रीमती ममता अधिकारी बुढानिलकण्ठ न.पा - १०, कपन | स्वतन्त्र | -- | २०७८/०६/२४ | २०७८/०६/२५ | सञ्चालक समितिको बैठक नम्वर ३०९ को निर्णय |

नोट: पछिल्लो साधारण सभा पछि सञ्चालक नियुक्ति भए सो सम्बन्धी जानकारी र सो सम्वन्धमा बोर्डलाई जानकारी गराएको मिति समेत छुट्टै उल्लेख गर्नु पर्ने । - गरेको । मिति: २०८१/०१/०४

२०७९/०८/२३ आव्हान गरिएको विशेष साधारण सभाको निर्वाचन कार्यक्रम अन्तरगत उम्मेदवारी फिर्ता लिने समयमा संस्थापक तर्फबाट एक जनाले नाम फिर्ता लिनु भएकोले सो समूहबाट प्रतिनिधित्व हुने १ जना बाँकि रहेकोमा मिति २०८१ वैशाख ४ गते बसेको सञ्चालक समितिको बैठक नं. ३४१ ले आदर्शराज पाण्डेलाई उक्त रिक्त पदमा नियुक्ती पश्चात सञ्चालक समितिले पूर्णता पाएको छ ।

## घ. सञ्चालक समितिको बैठक

सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण देहाय अनुसार रहेको छ ।

| क्र.स. | यस आ.व.मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित सञ्चालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | गत आ.व.मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०८० भाद्र १८ | ६ | छैन | २०७९ श्रावण ३१ |
| २ | २०८० आश्विन २१ | ६ | छैन | २०७९ आश्विन १२ |
| ३ | २०८० मार्ग १४ | ६ | छैन | २०७९ मार्ग ७ |
| ४ | २०८० मार्ग २६ | ६ | छैन | २०७९ मार्ग २३ |
| ५ | २०८० पौष ०६ | ६ | छैन | २०७९ मार्ग २५ |
| ६ | २०८० पौष २८ | ६ | छैन | २०७९ मार्ग २९ |
| ७ | २०८० फाल्गुण ०३ | ५ | छैन | २०७९ पौष ७ |
| ८ | २०८० चैत्र ०५ | ६ | छैन | २०७९ माघ ११ |
| ९ | २०८१ बैशाख ०४ | ६ | छैन | २०७९ चैत्र ५ |
| १० | २०८१ जेष्ठ ०८ | ७ | छैन | २०७९ चैत्र २९ |
| ११ | २०८१ जेष्ठ २८ | ७ | छैन | २०८० जेष्ठ ९ |
| १२ | २०८१ आषाढ १८ | ७ | छैन | २०८० आषाढ २१ |
| १३ | २०८१ आषाढ ३१ | ७ | छैन | २०८० आषाढ २९ |

**ङ. कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण:** सो नभएको ।

**च सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण:**

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा बैकल्पिक सञ्चालक उपस्थित भए-नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने) | सञ्चालक स्वयं उपस्थित हुने गरेको । (बैकल्पिक सञ्चालकको व्यवस्था नभएको) |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरु, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राखे/नराखेको | राख्ने गरिएको छ । |
| सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) | ५३ दिन |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति | २०७५/०९/०२ (चौबिसौं बार्षिक साधारणसभा) |
| सञ्चालक समितिको प्रति बैठक भत्ता रु.<br>अध्यक्ष<br>सञ्चालक | <br>रु. ९०००/-<br>रु. ८०००/- |
| आ.व.को सञ्चालक समितिको कुल बैठक खर्च रु. | रु. ६६१,०००/- |

२. **सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण**

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको : | भएको |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण | सो नभएको |
| सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पुनर्ताजगी कार्यक्रम सम्बन्धी विवरण: | - |

| क.स. | विषय | मिति | सहभागी सञ्चालक संख्या | तालिम सञ्चालन भएको स्थान |
|---|---|---|---|---|
| १ | अभिमुखिकरण तालिम | २०८१/०५/१७ | ७ जना | केन्द्रीय कार्यालय- भर्चुअल माध्यम |

| | |
|---|---|
| **प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सो को विवरण** | |
| • संस्थासंग नीज वा नीजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण, | करार नगरिएको |
| • नीज वा नीजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिवेञ्चरको विवरण, | सञ्चालकले धारण गरेको शेयर संख्या बुँदा नं. १(ग) मा उल्लेख गरिएको र एकाघरको परिवारको नभएको |
| • नीज अन्य कुनै संगठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यस्को विवरण, | सो नभएको |
| • नीजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहेको भए सो को विवरण | सो नभएको |
| • सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण: | सो नभएको |
| • सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण: | सो नभएको |

३. **संस्थाको जोखीम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण**

क. **जोखीम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको (गठन नभएको भए सो को कारण):** जोखीम व्यवस्थापन समिति गठन भएको छ।

ख. **जोखीम व्यवस्थापन समिति सम्बन्धी जानकारी:**

अ. **समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)**

| | | |
|---|---|---|
| १. | सञ्चालक श्री रामकृष्ण शर्मा वाग्ले | - संयोजक |
| २. | सञ्चालक श्री उमेश भगत प्रधानाङ्ग<br>(पदेन सदस्य- लेखापरीक्षण समिति संयोजक) | - सदस्य |
| ३. | सञ्चालक श्री आदर्शराज पाण्डे | - सदस्य |
| ३. | प्रवन्धक श्रीमती विजया श्रेष्ठ | - सदस्य |
| ४. | सहायक प्रवन्धक श्री संसार शर्मा | - सदस्य सचिव |

आ. **समितिको बैठक संख्या - ४ पटक**

ई. **समितिको कार्य सम्बन्धि छोटो विवरण:**

समितिले वित्तीय संस्थाको समग्र जोखीम व्यवस्थापनको बिश्लेषण गर्ने, दवाव परीक्षण (Stress Testing) अध्ययन गर्ने, प्राथमिकता प्राप्त क्षेत्रमा भएका लगानीको बिश्लेषण गरी सञ्चालक समितिलाई सो सम्बन्धि प्रतिवेदन पेश गर्ने गरेको।

ग. **आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको** संस्थाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ तुल्याउन विभिन्न विनियमावली, कार्यविधि एवं निर्देशिकाहरु तयार गरि लागू गरेको छ।

घ. **आन्तरिक नियन्त्रण प्रणालीकोलागि कुनै समिति गठन भए /नभएको गठन नभएको भए सो को कारण**

आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त एवम् सुदृढ गर्न विद्यमान नियामकीय व्यवस्था वमोजिम लेखापरीक्षण समिति गठन भई क्रियाशील रहेको छ।

ङ आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण:

अ. **समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)**

१. सञ्चालक श्री उमेश भगत प्रधानाङ्ग - संयोजक
२. सञ्चालक श्री रामकृष्ण शर्मा वाग्ले - सदस्य
३. ना.प्र. का. अधिकृत श्री खिम बहादुर कार्की - सदस्य सचिव

आ. **समितिको बैठक सख्या - ६ पटक**

इ. **समितिको कार्य सम्बन्धी छोटो विवरण**

समितिमा नेपाल राष्ट्र बैंक लगायत बाह्य तथा आन्तरिक लेखापरीक्षकबाट प्राप्त हुने प्रतिवेदन उपर अध्ययन तथा विश्लेषण गरि व्यवस्थापनबाट सो बारे आवश्यक जानकारी माग गरि आफ्नो राय सुझाव सहित कार्यान्वयनका लागी सञ्चालक समितिमा उक्त प्रतिवेदन पेश गर्ने गरेको ।

च. **आर्थिक प्रशासन विनियमावली भए/नभएको:**

आर्थिक प्रशासन विनियमावली २०७३ तयार गरि लागू गरिएको छ ।

४. **सुचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण:**

क. **संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरण:**

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| वार्षिक साधारण सभाको सूचना | राष्ट्रिय दैनिक पत्रिका | २९औं वार्षिक साधारण सभा पहिलो पटक- २०८०/०९/०७ दोस्रो पटक - २०८०/०९/२३ |
| विशेष साधारण सभाको सूचना | - | - |
| वार्षिक प्रतिवेदन | वित्तीय प्रतिवेदनको रुपमा प्रकाशन | २०८०/०९/२९ |
| त्रैमासिक प्रतिवेदन | राष्ट्रिय दैनिक पत्रिका तथा वेभ साइट | त्रैमास सकिएको ७ दिन तथा चौथो त्रैमास (वार्षिक) को २१ दिन भित्र |
| धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना | राष्ट्रिय दैनिक पत्रिका तथा वेभ साइट | लगत्तै |
| अन्य | - | नभएको |

ख. **सूचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहीमा परेको भए सो सम्बन्धि जानकारी:** सो नभएको

ग. **पछिल्लो वार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मितिः**
विशेष साधारण सभा : -
२९औं वार्षिक साधारण सभा: मिति २०८०/०९/२९ मा सम्पन्न भएको ।

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

क. **कर्मचारीहरुको संरचना, पदपूर्ति, वृत्ति विकास, तालिम, तलब, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको: भएको**

कर्मचारी सेवा विनियमावली २०७४ नेपाल राष्ट्र बैंकबाट स्विकृत भई लागु भएको छ ।

ख. **सांगठनिक संरचना संलग्न गर्ने** : संलग्न गरिएको छ ।

ग. **उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण**

| क्र. स. | नाम | पद | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | श्री लिलामणि न्यौपाने | प्रमुख कार्यकारी अधिकृत | MBA | विगत २९ वर्षदेखि यसै वित्तीय संस्थाको विभिन्न पदमा कार्य गरेको |
| २. | श्री अनिल जोशी | नायव प्रमुख कार्यकारी प्रमुख | MBA | विगत २२ वर्षदेखि यसै वित्तीय संस्थाको विभिन्न पदमा कार्य गरेको |
| ३. | श्री खिम बहादुर कार्की | नायव प्रमुख कार्यकारी प्रमुख | MBS | विगत १९ वर्षदेखि यसै वित्तीय संस्थाको विभिन्न पदमा कार्य गरेको |

घ. **कर्मचारी सम्बन्धि अन्य विवरण:**

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ती गर्ने गरे/नगरेको | गर्ने गरेको |
| नयाँ कर्मचारीहरुको पदपूर्ती गर्दा अपनाएको प्रकृया | लिखित तथा साक्षात्कार परीक्षा |
| व्यवस्थापन स्तरका कर्मचारीको सख्या | ९ |
| कुल कर्मचारी संख्या | ८३ |
| कर्मचारीहरुको सक्सेसन प्लान भए /नभएको | भएको |
| आ.व २०८०/८१ मा कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मिलित कर्मचारीको सख्या | १२ वटा तथा ७५ जना |

| | |
|---|---|
| आ.व २०८०/८१ मा कर्मचारी तालिम खर्च | २१,०६,६७९/- |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत | ८.२३ प्रतिशत |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालिम खर्चको प्रतिशत | २.८७ प्रतिशत |

## संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण

### क. लेखा सम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ.व.को वित्तीय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण | NFRS अनुसार वित्तीय विवरण तयार गरिएको छ। |
| सञ्चालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति | २०८० मंसिर २९ गते |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति | मिति २०८१/०७/०७ गते (आ.व. २०८१/८२ को पहिलो त्रैमास अवधि) |
| अन्तिम लेखापरीक्षण सम्पन्न भएको मिति | २०८० मंसिर २५ गते |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति | मिति २०८०/०९/२९ (उन्तिसौं वार्षिक साधारण सभा) |
| संस्थाको आन्तरिक लेखा परीक्षण सम्बन्धी विवरण<br>अ. आन्तरिक रुपमा लेखापरीक्षण गर्ने गरिएको वा बाह्य विज्ञ नियुक्त गर्ने गरिएको | बाह्य विज्ञ नियुक्त गर्ने गरिएको |
| आ. बाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण | P & B Associates, Chartered Accountants |
| इ. आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको ( त्रैमासिक, चौमासिक वा अर्ध-वार्षिक) | त्रैमासिक अवधिको गर्ने गरिएको। |

### ख. लेखापरीक्षण समिति सम्बन्धी विवरण

| | |
|---|---|
| **संयोजक तथा सदस्यहरुको नाम, पद र योग्यता**<br>सञ्चालक श्री उमेश भगत प्रधानाङ्ग - संयोजक<br>सञ्चालक श्री रामकृष्ण शर्मा वाग्ले - सदस्य<br>ना. प्र. का. अधिकृत श्री खिम बहादुर कार्की - सदस्य सचिव | B Com<br>BBS<br>MBS |
| बैठक बसेको मिति तथा उपस्थित सदस्य सख्या | मिति २०८१/०३/१८ मा ३ जना |
| प्रति बैठक भत्ता | रु ८०००/- |
| लेखापरीक्षण समितिले आफनो काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गरेको मिति: | मिति २०८१/०३/१८ |

७. <u>अन्य विवरण</u>

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा नीजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैंक तथा वित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रुपमा रकम लिए/नलिएको | नलिएको |
| प्रचलित कानुन बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सूचिकृत संगठित संस्थाको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको | नगरेको |
| नियमनकारी निकायले इजाजत पत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको | भएको |
| नियमनकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरीवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए /नभएको | भएको |
| संस्था वा सञ्चालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण | नभएको |

**परिपालन अधिकृतको नाम:** दुर्गा लम्साल
**पद वरिष्ठ प्रवन्धक**
मिति २०८१।०८।०१
**संस्थाको छाप**
**प्रतिवेदन सञ्चालक समितिबाट स्वीकृति मिति:** २०८१/०८/०५

| | | |
|---|---|---|
| महेश प्रसाद अधिकारी<br>सञ्चालक | उमेश भगत प्रधानाङ्ग<br>सञ्चालक | राम कृष्ण शर्मा वाग्ले<br>सञ्चालक |

| | | | |
|---|---|---|---|
| आदर्शराज पाण्डे<br>सञ्चालक | ममता अधिकारी<br>सञ्चालक | दिनेशराज जोशी<br>सञ्चालक | शशिराज पाण्डे<br>अध्यक्ष |

**प्रमाणित गर्ने**

साझेदार शशि सत्याल
PKF TR Upadhya & Co.
लालदरवार, काठमाडौं नेपाल
मिति: २०८१/०८/१८